# काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/१९ गते।

श्री खोजीपुर सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा वडा नम्बर ९, जिनुवा, कपिलवस्तुको वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व ०८२/०८३ मा पुनरुत्पादन तथा ढलापडा कटानका लागि डिभिजन वन कार्यालय, कपिलवस्तु -कपिलवस्तु) को संकलन सहमति अनुसार संकलन गरी उत्पादन भएका काठ/दाउरा सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दीमा विभिन्न लटहरु बनाई राखिएको मध्ये लट नं.०१ मा साल, बाँझी, दबदबे र अन्य जातको गोलिया थान जम्मा २०६ को ९२१.८१ घ.फ़ी, लट नं.०२ मा साल जातको गोलिया थान जम्मा २८६ को १३६७.८१घ.फी, लट नं. ०३ मा अस्ना र कर्मा जातको गोलिया थान ३६९ को १८६६.६७ घ.फी, लट नं. ०४ मा अस्ना, जामुन लगाएत जातको गोलिया थान ५८३ को २१९७.०८ र लट नं. ५ मा साल र अन्य जातको दाउरा जम्मा १८ घ.फी काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले आवश्यक कागजातसहित मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरि २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टाछुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**अनुरोधक**

## श्री खोजीपुर सामुदायिक वन उपभोक्ता समूह

**बाणगंगा न.पा. ९ जिनुवा, कपिलवस्तु।**

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)

डिभिजनल वन अधिकृत